जसले लसुन वा प्याज खाएको छ, ऊ हामीदेखि परै रहोस्" वा उहाँले (सल्लल्लाहु अलैहि वसल्लम) भन्नुभयो : "ऊ हाम्रो मस्जिद भन्दा टाढै रहोस् र ऊ आफ्नै घरमा बसोस् ।

हजरत जाबिर बिन अब्दुल्लाह (रजियल्लाहु अन्हुमा)द्वारा वर्णन छ : नबी-ए-करीम(सल्लल्लाहु अलैहि वसल्लम)ले भन्नु भयो : "जसले लसुन वा प्याज खाएको छ, ऊ हामीदेखि परै रहोस्" वा उहाँले (सल्लल्लाहु अलैहि वसल्लम) भन्नुभयो : "ऊ हाम्रो मस्जिद भन्दा टाढै रहोस् र ऊ आफ्नै घरमा बसोस् ।" र नबी (सल्लल्लाहु अलैहि वसल्लम) सामु एउटा भाँडो ल्याइयो, जसमा हरियो तरकारी थियो, र उहाँलाई त्यसको गन्ध आयो, उहाँले सोध्नु भयो र उहाँलाई त्यसमा के-के छ भनेर भनियो । उहाँले भन्नुभयो : यसलाई मेरा कुनै साथी नजिक गरि देऊ, जो संगै थिए । जब उनले त्यसलाई देखे, उनले त्यसलाई खान मन पराएनन्, उहाँले (सल्लल्लाहु अलैहि वसल्लम) भन्नु भयो: " तिमी खाऊ, किन कि म उसित (फरिश्ताहरू) कुरा गर्छु, जससित तिमी कुरा गर्दैनौ ।" [सही] [मुत्तफकुन अलैहि]

नबी(सल्लल्लाहु अलैहि वसल्लम)ले जसले लसुन वा प्याज खाएको छ, उनलाई मस्जिदमा नआउने आदेश दिनु भएको छ । कतै उसले जमातको नमाजमा उपस्थित भएका भाइहरूलाई उसको दुर्गन्धले कष्ट नहोस् । यो मनाही मस्जिदमा आउनका निमित्त (तन्जिही) मनाही हो । यी खान हुँदैन भनेर होइन । किन कि ती खानेकुराहरू वैध हुन् । उहाँ(सल्लल्लाहु अलैहि वसल्लम) निर एउटा भाँडो ल्याइयो जसमा तरकारी थियो । तर जब उहाँले त्यसमा दुर्गन्ध महसुस गर्नुभयो र त्यसमा यो छ भनेर बताइयो, उहाँले आफूले खानु नभएर खुवाउन उहाँका एक जना साथी तिर बढाइ दिनु भयो । उनले त्यसैले उहाँको अनुकरण गर्दै खाना मन पराएनन्, तर उहाँले (सल्लल्लाहु अलैहि वसल्लम)उनलाई (नखाएको) देखेर भन्नु भयो: तिमी त खाऊ; म चाहिँ वह्यी ल्याउने वाला फरिश्तासँग कुराकानी गर्छु । ( त्यसैले म खान्न ।) उहाँले बताउनु भयो कि गन्हाउने बस्तुबाट फरिश्ताहरूलाई पनि यसरी नै कष्ट हुन्छ जसरी मान्छेहरुलाई हुन्छ ।

https://sunnah.global/hadeeth/ne/show/4850